**नीतिगत तथा अन्य निर्णयहरु :**

१. चालु आ.व.२०७३/०७४ सम्ममा कावासोती नगरपालिकाको नगर यातायात गुरु योजनामा परेको कावासोती नगर चक्रपथको विस्तृत सर्भे डिजाइन (DPR) तयार हुने हुँदा आगामी आर्थिक बर्षबाट चक्रपथ निर्माणको लागि आवश्यक बजेट बिनियोजनको लागि शहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

२. कावासोती नगरपालिकामा रहेको १ मात्र जनस्तरबाट संचालित सामुदायिक अस्पताल मध्यविन्दु सामुदायिक अस्पताललाई जिल्ला अस्पतालको रुपमा स्तर वृद्धिको लागि सम्बन्धित मन्त्रालयमा पहल गर्ने ।

३. कावासोती नगरपालिकामा प्रस्तावित वि.पि. स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई तत्काल संचालनमा ल्याउन पहल गर्ने ।

४. नगर क्षेत्रभित्र रहेका ऐलानी पर्ति जग्गाहरुलाई नगरपालिकाले संरक्षण र सम्बर्द्धन गर्नका लागि त्यस्तो ऐलानी पर्ति जग्गाको लगत संकलन गरी संरक्षण गर्दै जाने ।

५. नगरपालिकाले ल्याएको कुल योजनाको ६० प्रतिसत नगरपालिकाको अनुदान र ४० प्रतिशत लागत सहभागिताबाट संचालन गरिने योजनाहरुमा कतिपय वडाहरुको आर्थिक अवस्था कमजोर रहेको र ४० प्रतिशत लागत सहभागिता जुटाउन नसक्ने भएका हुँदा त्यस्ता वडाहरुका ठूला योजनाहरुलाई राष्ट्रिय योजना आयोगमा समावेश गर्न पहल गर्ने ।

६. कावासोती नगरपालिकाको दाह संस्कार घाट पिठौली भोसरघाटसम्म जाने बाटो अति अप्ठ्यारो, असहज भएको हुँदा पूर्व पश्चिम लोकमार्गदेखि भोसरघाट सम्मको बाटो कालो पत्रे गरिदिन सडक विभागलाई अनुरोध गर्ने ।

७. हाल कावासोती नगरपालिकामा साविक गाउँ विकास समितिका कार्यालयहरुबाट संयुक्त वडा कार्यालय संचालन भइरहेकोमा सबै वडाहरुमा कर्मचारी दरवन्दी र वडा कार्यालय भवन निर्माण वापत बजेट विनियोजनको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने ।

८. कावासोती नगरपालिकामा संचालित विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुले आफ्ना कार्यक्रमहरु अनिवार्य रुपमा नगरपरिषद्मा पेश गर्नु पर्ने र त्यस्ता कार्यक्रम नगरपरिषद्मा पेश नगर्ने संस्थाहरुलाई नगरपालिकाबाट कुनै पनि सहयोग नगर्ने र सहभागिता समेत नजनाउने ।

९. हाल विद्युत विकास विभागको संचालक समितिले सुकुम्बासीहरुलाई मिटर जडान गर्दा रु.१०,०००/- धरौटी लिने निर्णय गरेको र सुकुम्बासीहरुले सो रकम तिर्न सक्ने आर्थिक हैसियत नभएको हुँदा उक्त धरौटी घटाई रु.१,०००/- मा कायम गरिदिन विद्युत विकास विभागलाई अनुरोध गर्ने ।

१०. कावासोती नगरपालिकाका कतिपय वार्डहरुको भूगोल तथा क्षेत्रफलमा ठूलो असमान अन्तर भएकोले अवदेखि बजेट विनियोजन गर्दा भूगोल, जनसंख्या र वडाको आर्थिक अवस्थाको आधारमा बजेट बाँडफाँड गर्ने ।

११. कावासोती नगरपालिका वडा नं.१ मा रहेको पोखरी ताललाई पार्क सहित उद्यान निर्माण गर्न यस नगरपालिकाले आर्थिक श्रोत र साधनले नभ्याउने भएको हुँदा उक्त योजनालाई ऋण तथा अनुदान सहयोगको लागि नगर विकास कोषमा अनुरोध गर्ने ।

१२. यस कावासोती नगरपालिकाको वाल लक्षित बजेटबाट शिव सामुदायिक वनमा वाल उद्यान निर्माण गर्ने गरी प्रस्ताव भएकोमा उक्त वाल उद्यान निर्माण गर्न नगरपालिकाको बजेटले मात्र अपर्याप्त हुने भएको हुँदा उक्त उद्यान निर्माणको लागि आवशयक सहयोग गरिदिन UNICEF लाई अनुरोध गर्ने ।

१३. घडेरी प्रयोजनको लागि जग्गा प्लटिङ्गको लागि नगरपालिकाबाट स्वीकृत दिँदा प्रतिकट्टा रु.५,०००/- राजश्व लिने ।

१४. हाल कावासोती नगरपालिकाको दमकल पूर्वमा रजहर देखि पश्चिममा दुम्किबास (दाउन्ने) सम्म जानु पर्ने भएको सो भित्र पर्ने नगरपालिका र गा.वि.स.लाई समेत दमकल संचालन वापत बजेट विनियोजन गरिदिन अनुरोध गर्ने ।

१५. हाल संचालनमा रहेका नागरिक सचेतना केन्द्रहरुमा थप घरधुरी थप्नको लागि माग भइरहेको हुँदा त्यस्ता घरधुरीलाई नागरिक सचतेना केन्द्रमा समावेश गरी थप गर्ने ।

१६. नगरपालिकाको लक्षित वर्गको लागि विनियोजन गरिएको बजेट लक्षित वर्गसम्म नपुगेको भन्ने गुनासाहरु आइरहेको हुँदा त्यस्ता लक्षित वर्गका योजना समेत वडा भेलाबाट माग भइ आएका योजनाहरुलाई प्राथमिक दिइ छनौट गर्ने र लक्षित वर्गका योजना माग नभएका वडाबाट योजना माग भइ आएमा सोलाई समेत समावेश गर्ने ।

१७. कावासोती नगरपालिकाको जनघनत्व प्रतिदिन बढ्दै गइरहेको र खानेपानीको सिमित श्रोत भएकोले खानेपानीको व्यवस्थापनमा कठिनाइ भइरहेको हुँदा कावासोती नगरपालिका वडा नं.८ लम्बिनी कलेजको कम्पाउड र वडा नं.३ को खाली चौरमा डिप बोरिङ्ग तथा ओभरहेड टंकी निर्माण गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१८. अव उप्रान्त कावासोती नगरपालिका क्षेत्रमा आवश्यकता हेरी नाली नभएको बाटोमा पिच नगर्ने र नाली विनाको बाटो पिच गर्न बजेट विनियोजन नगर्ने ।

१९. ६० प्रतिशत अनुदान र ४० प्रतिशत लागत सहभागिताका सडक मर्मत सुधार तथा कालो पत्रे गर्ने योजनाहरुमा जग्गा धनिहरुले लागत सहभागिताको अतिरिक्त आ-आफ्नो जग्गामा अनिवार्य नाली निर्माण गरी कम्तिमा आफ्नो जग्गामा २ वटा रुख रोप्ने व्यवस्था गर्ने योजनालाई प्राथमिकता दिने ।

२०. कतिपय योजनाहरु रातो किताबमा सानो तिनो रकम पर्ने गरेको र नगरपालिकामा समेत सोही योजनालाई बजेट माग भइ आउने गरेको हुँदा रातो किताबमा परेका योजनालाइ नगरपालिकाले बजेट विनियोजन नगर्ने ।

२१. केही बर्ष पहिले बुढौलीकुना-राजमन्दिर हुदै कुडौली जानेबाटोलाई कृषि सडक नामाकरण गरी बजेट विनियोजन हुदै आएकोमा विगत २/४ बर्षदेखि उक्त बजेट विनियोजन नभएको हुँदा उक्त कृषि सडकलाई बजेट विनियोजन गरिदिन जि.वि.स.लाई अनुरोध गर्ने ।

२२. निम्न क्षेत्रहरुलाई कावासोती नगरपालिकाको पूर्वाधारको रुपमा छनौट गर्ने ।

क) बसपार्क तथा रिफ्रेस सेन्टर तथा अटोमोवाइल्स समेत :

- कावासोती पुलको उत्तरपूर्वको सिसौ क्षेत्र ।

ख) औद्योगिक क्षेत्र :

- वडा नं.१ को लोकाहा पुलको पश्चिम उत्तर ।

ग) ल्याण्डफिल साइड :

- वडा नं.२, ३, १० र १४ ।

घ) रंगशाला :

- वडा नं. ६ को विष्णुनगर र १६ को डण्डा तिनघरे ।

ङ) सम्मेलन केन्द्र :

- वडा नं.८ को टरुवा तालको माथिको क्षेत्र ।

च) सम्पूर्ण कार्यालय स्थापना :

- वडा नं.३ को ज्योतिकुञ्ज सामुदायिक वनको संरक्षणमा रहेको खाली चौर ।

छ) उद्यान :

- वडा नं.१ को पोखरी ताल ।

२३. एकिकृत सम्पत्ति करको लागि मालपोत दरमा ३० प्रतिशतमा सम्पत्ति मूल्याकन गरी मिति २०७३/१०/०१ देखि लागु गर्ने निर्णय गरियो । जग्गा मूल्यांकन प्रयोजनको लागि बाटोसँग जोडिएको जग्गालाई ३ कठ्ठासम्म घर जग्गा र बाँकी जग्गालाई बाटो नभएको आधारमानी मूल्यांकन गर्ने ।

२४. नगरपालिकाको कार्य वोधको आधारमा निम्न दरवन्दी थप गर्ने निर्णय गरियो ।

क) सब-इन्जिनियर (सिभिल) वातावरण शाखा - १

ख) कार्यालय सहायक - ४

ग) स्वीपर - २

घ) चौकिदार - २

२५. फोहोरको व्यवस्थापन गर्न नीजि क्षेत्रको समेत सहकार्य र संलग्नतामा ल्याण्डफिल साइडको व्यवस्थापन गर्ने र प्रति घरधुरीबाट घर तथा टोलको वर्गिकरण गरी टोल विकास संस्थाको सहयोगमा फोहोर मैला शुल्क वापत रु.१००/- लिने ।

२६. कालो पत्रे भइसकेको कतिपय बाटोहरु भत्किएको र मर्मत सम्भार गर्नुपर्ने अति आवश्यक भएको हुँदा त्यस्ता मर्मत गर्नु पर्ने बाटोको लगत स्टीमेट गरी सडक बोर्डमा पठाउने ।

२७. कावासोती नगरपालिकामा ६०/४० को अवधारणा बमोजिमको एउटा पेटी, नाली, सोलार, तथा ग्रिनरी सहितको नमूना बाटो बनाउन चाहने वार्डले तत्काल नगरपालिकामा माग गरी पठाउन सूचना गर्ने ।

२८. व्यवसाय करलाई व्यवस्थित गर्न र करको दायरमा ल्याउन व्यवसाय स्वकृित नलिएका वा व्यवसाय कर नतिरेका पसल व्यवसायलाई ऋण लगानी नगरिदिन कावासोती स्थित वित्तिय संस्था र बैंक, घरेलु कार्यालयहरुलाई अनुरोध गर्ने ।

२९. कार्यालय समयमा कार्यकारी अधिकृतलाई अतिथिको रुपमा आमन्त्रण गरी त्यस्तो कार्यक्रममा सहभागी हुँदा कार्यालयमा सेवा ग्राहीहरुलाई सेवा लिन मर्का परिरहेको हुँदा अब उप्रान्त त्यस्तो कार्यक्रमहरुमा कार्यकारी अधिकृतले कार्यालय समयमा अतिथिको रुपमा सहभागी नहुने तर कार्यक्रमको गाम्भिरयता हेरी अतिथिको रुपमा सहभागी हुने ।

३०. एकिकृत सम्पत्ति करको दरलाई निम्न बमोजिम स्वीकृत गर्ने ।

| क्र.सं. | विवरण | एकीकृत सम्पत्ति कर | एकीकृत सम्पत्ति कर रु.अक्षेरुपीमा |
|---|---|---|---|
| १ | रु.१ देखि १० लाखसम्म | १००.०० | १ सय रुपैया मात्र |
| २ | रु.१० लाख १ देखि २० लाखसम्म | ३००.०० | ३ सय रुपैया मात्र |
| ३ | रु.२० लाख १ देखि ३० लाखसम्म | ७००.०० | ७ सय रुपैया मात्र |
| ४ | रु.३० लाख १ देखि ५० लाखसम्म | १५००.०० | १ हजार ५ सय रुपैया मात्र |
| ५ | रु.५० लाख १ देखि १ करोडसम्म | ३५००.०० | ३ हजार ५ सय रुपैया मात्र |
| ६ | रु.१ करोड देखि २ करोडसम्म | १२०००.०० | १२ हजार रुपैया मात्र |
| ७ | रु.२ करोड देखि ५ करोडसम्म | २५०००.०० | २५ हजार रुपैया मात्र |
| ८ | रु.५ करोड १ देखि माथि जति भए पनि २ रुपैयाँ प्रति हजारका दरले एकीकृत सम्पत्ति कर लाग्ने | | |

३१. कावासोती न.पा. वडा नं.१२ मा खानेपानीको अत्यन्त समस्या रहेको हुँदा उक्त वडामा खानेपानीको योजना संचालनको लागि बजेट विनियोजन गरिदिनु हुन सम्बन्धित निकायहरुमा अनुरोध गर्ने । साथै उक्त वडामा रहेको पुरानो खानेपानीको पाइप लाइन पुरानो भएको र जनसंख्या वृद्धिसँगै पानीको धारा समेत थप गर्नु पर्ने भएको हुँदा उक्त धारा मर्मत सम्भार तथा विस्तारको लागि जिल्ला विकास समितिमा अनुरोध गर्ने ।

३२. नक्सापास सम्बन्धमा मिति २०७३/०९/१९ गतेदेखि लागु हुने गरी निम्नानुसार गर्ने ।

क) नक्सापास प्रकृयाको लागि प्राविधिक शुल्क वापत रु.१,०००/- घरधनिबाटै समावेश गर्ने ।

ख) पुराना घरहरु (नगरपालिका शुरु हुनु भन्दा पहिले र नक्सापास प्रकृया शुरु हुनुपूर्व निर्मित घरहरु) को अभिलेखीकरण २०७४ आषाढ मसान्तसम्म मात्र गर्ने ।

ग) नगरपालिकाको स्वीकृति विना बन्दै गरेको घरको हकमा नक्सा पास मापदण्ड बमोजिम बनेका भए २०% थप राजस्व लिई नक्सा पास प्रकृया अगाडी बढाउने र मापदण्ड नपुगेको हकमा लाग्ने शुल्कको ५०% थप शुल्क लिइ अभिलेखीकरण गर्ने । यस्ता बन्दै गरेका घरहरुको सूची तयार गरी अभिलेख राख्ने र त्यस्ता अभिलेख

राखिएका घरहरुको हकमा मात्र यो नियम लागु हुने । (यस बुँदामा उल्लेख गरिएको कुरा अनुसार सुचिकृत गर्नलाई १५ दिनको समयअवधि दिई घरको निर्माण अवस्था सहितको सुची तयार गरिने छ र उक्त घरहरुको हकमा यो बुँदा लागु हुनेछ ।)

घ) पुराना बनिसकेका ९" x ९" पिलर भएका १ तला ढलान घरहरुलाई तला थप गर्दा १ तला ट्रस नबढ्ने गरी इजाजत दिने र सो भन्दा माथि बनिसकेको भए थप इजाजत नदिने ।

ङ) पुराना बनिसकेका ९" x १२" पिलरको हकमा १ तला ढलान भइसकेका घरहरुलाई थप १ तला ढलान र १ तला ट्रस नबढ्ने गरी इजाजत दिने । तर २ तला नै ढलान भएको हकमा १ तला ट्रस मात्र अनुमती दिइने छ ।

च) पुराना बनिसकेका १२" x १२" का पिलर भएका वा सो भन्दा माथिका MRT ले नछुने घरको हकमा Structural Analysis भएको हकमा सो ले प्रदान गर्ने अवस्था हेरी प्राविधिक मूल्यांकन अनुसार आवश्यक तला थपको इजाजत दिने । यस्ता घरहरुले निर्माण सम्पन्न वा इजाजत प्रमाण पत्र लिइसकेको हुनु पर्नेछ ।

छ) नगरपालिकाको नक्सापास सम्बन्धि आवश्यक निर्णय लिन एउटा प्राविधिक समिति रहने छ र सो को निर्णय अन्तिम हुनेछ ।

ज) पुरानो चलनचल्तीको बाटो भएमा नक्सामा बाटो नभएपनि नक्सापास दिने र नयाँ खोलिएको बाटोको हकमा लगत कट्टा भएपछि मात्र नक्सा पास इजाजत दिने । बाटो पुरानो हो वा नयाँ हो भन्ने विषयको टुङ्गो प्राविधिक समितिले स्थलगत अवलोकन गरी निर्णय हुने ।

झ) जग्गा प्लटिङ्गको स्वीकृती नलिई प्लटिङ्ग गरिएका जग्गाहरुको घरबाटो सिफारिस र बाटो लगत कट्टाको सिफारिस नदिने ।

ञ) वस्ती विकास मापदण्ड २०७२ लाई कडाइका साथ लागु गरिने छ ।

३३. तेश्रो विशेष नगरपरिषद्देखि हालसम्म भएका बोर्ड बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

३४. पदपूर्ति समितिले पेश गरेको प्रतिवेदनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

३५. कर शुल्क दरलाई निम्न बमोजिम कायम गर्ने निर्णय गरियो ।